# धनपालथान गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सोराभाग, मोरङ्ग
कोशी प्रदेश नेपाल

प.सं. ०८३/०८४
च.नं. १८२

मिति२०८३/०४/२०

श्री वडा कार्यालय सबै
धनपालथान गाउपालिका
सोराभाग, मोरङ्

**विषयः-सूचना टाँस गरी सोही बमोजिम कार्यन्वयन गर्ने सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय भूमि समस्या समाधान समिति, जिल्ला भूमि समस्या समाधान समिति मोरङको च.न.१४ मिति २०८३/०४/१९ गतेको प्रकाशित सूचना बमोजिम सूचना टाँस गरी कार्यन्वयन गर्न/गराउन हुन अनुरोध छ।

..........................
नि. प्रमुख प्रशासकीय अधिकृत

Email: info@dhanapalthanmun.gov.np, dhanapalthanmun@gmail.com
Website:dhanapalthanmun.gov.np

फोन नं ०२१-५९०८०६

Email: lrc.morang@gmail.com

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

भूमि समस्या समाधान समिति

जिल्ला भूमि समस्या समाधान समिति मोरङ

प.सः २०८३/८४

चलानी नं. १४

नेपाल संवत ११४६

मिति: २०८३/०४/१९

---

श्री विराटनगर महानगरपालिका, नगरकार्यपालिकाको कार्यालय, मोरङ

श्री उर्लाबारी/पथरी शनिश्चरे /बेलबारी/सुन्दरहरैंचा/लेटाङ/रतुवामाई/सुनवर्षी/रंगेली

नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, मोरङ

श्री केराबारी/मिक्लाजुङ/कानेपोखरी/बुढीगंगा/ग्रामथान/धनपालथान/

कटहरी/जहदा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय मोरङ ।

विषयः सूचना प्रकाशन गरिएको सम्बन्धमा

प्रस्तुत विषयमा गत २०८२ भाद्र २३ र २४ गते जेन्जी आन्दोलनको क्रममा यस मोरङ जिल्लामा आगजनी वा तोडफोडमा परी नष्ट भएका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुले दिएका निवेदन सूचना प्रणाली NALCIS मा प्रविष्ट भई निस्सा प्राप्त भएका र NALCIS मा प्रविष्ट नभएका तर सम्बन्धित स्थानीय तहमा दर्ता भई दर्ता नं. प्राप्त गरेको लाभग्राहीहरुको लागि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको लगत संकलन सम्बन्धी कार्यविधि, २०८३ को अनुसूची ३ र ४ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्न २१ दिने सूचना प्रकाशन गरिएकोले यसैसाथ संलग्न सूचनाको प्रचार, प्रसार गरी तहाँको २०८२ भाद्र २३ र २४ गते जेन्जी आन्दोलनको क्रममा आगजनी वा तोडफोडमा परी नष्ट भएका निवेदनको हकमा मात्र अनुसूची ३ र ४ बमोजिमको ढाँचामा निवेदन संकलन गर्नुहुन जिल्ला भूमि समस्या समाधान समिति मोरङ मिति २०८३/०४/१९ को निर्णयानुसार अनुरोध छ ।

फारम सम्बन्धी मार्गदर्शनः-

१. २०८२ भाद्र २३ र २४ गते जेन्जी आन्दोलनको क्रममा आगजनी वा तोडफोडमा परी नष्ट भएका निवेदनको हकमा मात्र यस सूचना अनुसूची ३ र ४ बमोजिमको ढाँचामा निवेदन फारम संकलनको व्यवस्था हुन ।

२. अनुसूची ३ को हकमा गुलाबी रङ्ग र अनुसूची ४ को हकमा सेतो रङ्गको फारम प्रयोग गर्नुहुन ।

३. सूचनाको प्रचार, प्रसारको लागि कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा नागरिकको पँहुच हुने स्थानमा सूचना टाँस गर्नुहुन साथै स्थानीय पत्रपत्रिका, आम सञ्चार माध्यम तथा सामाजिक सञ्जालमा प्रकाशन, प्रसारण गर्नुहुन ।

बोधार्थ

श्री भूमि समस्या समाधान समिति ताहाचल, काठमाडौं।

२०८३-४-१९

.............................

गिरीश कुमार लाल कर्ण

सदस्य सचिव

श्री भूमि शाखा
२०८३/४/२०

व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन

गाउँ कार्यपालिकाको कार्यालय मोरङ

दर्ता नं. २०८

दर्ता मिति: २०८३/०४/२०

CamScanner